# वीरेन्द्रनगर नगरपालीका
# नगर कार्यपालीकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश,नेपाल

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुर्खेत कर्णाली प्रदेश नेपाल

सेवा करारमा कर्मचारी माग गरिएको सूचना
(प्रथम पटक प्रकाशित मिति : २०७८।०२।१६)

प्रस्तुत विषयमा यस नगरपालिका र दि एशिया फाउन्डेसन नेपाल विच भएको सम्झौता अनुसार **स्थानीय शासन सबलीकरण तथा सिमान्तीकृत समुदायका लागि प्रशिक्षार्थि अवसर कार्यक्रम** को लागि **प्रशिक्षार्थी (Follow)** पद माग संख्या १ को लागि मिति २०७८।०२।३१ गते सम्म दि एशिया फाउन्डेसन नेपालको इमेल ठेगाना nepal.fellowship@asiafoundation.org मा आवेदन गर्नहुन यस कार्यालयको मिति २०७८।०२।१६ गतेको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ।

विज्ञापनको विस्तृत विवरण दि एशिया फाउन्डेसन नेपालले प्रकाशित गरेको सूचना थान २(दुई) यसै साथ संम्लग्न गरिएको छ। साथै अन्य आवश्यक सूचना दि एशिया फाउन्डेसन नेपालको वेभसाइट asiafoundation.org मार्फत प्राप्त गर्न सकिनेछ।

०७८।२।१६

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सूचना! सूचना! सूचना!

# प्रशिक्षार्थी (Fellow) को आवश्यकता

**कार्यक्रमको परिचय :** अष्ट्रेलियन सरकार, वैदेशिक मामिला तथा व्यापार विभाग र दि एशिया फाउण्डेसनको साझेदारीमा सञ्चालित स्थानीय शासन सवलीकरण कार्यक्रमको पहिलो चरण सफलता पूर्वक सम्पन्न भएसँगै अप्रिल २०२१ देखी एक वर्षको अवधि थप भएको छ। यस अवधिमा कार्यक्रमवाट पहिलो चरणमा थालनी भएका स्थानीय शासन सवलीकरणका कार्यहरु निरन्तर गर्दै कोभिड १९ बाट सिर्जित थप चुनौतिको सम्बोधन गर्न अवसर प्राप्त हुने विश्वास लिइएको छ। यस कार्यक्रमको मूलभुत उद्देश्य कोभिड १९ बाट सिर्जित असरलाई सम्बोधन गर्न स्थानीय स्वास्थ्य प्रणाली र आर्थिक पुनरुत्थान प्रक्रियामा सुधारकालागि सहजीकरण गर्नुका साथै नेपालमा सवल, प्रभावकारी र समावेशी स्थानीय शासन सुदृढीकरण गर्न उपयुक्त वातावरण बनाउन योगदान पुऱ्याउनु रहेको छ।

कार्यक्रमको एक महत्वपूर्ण उद्देश्यकको रुपमा लैंगिक समानता, समाजिक समावेशीकरण र अपांगता भएका व्यक्ति लगायत अति विपन्न र सीमान्तकृत समुदायको बृहत्तर हितमा योगदान पुऱ्याउने रहेको छ। उल्लिखित उद्देश्य हासिल गर्न साझेदार नगरपालिकाहरुसंगको समन्वयमा तत् तत् नगरपालिकामा ***स्थानीय शासन सवलीकरण तथा सीमान्तकृत समुदायका लागि प्रशिक्षार्थी अवसर कार्यक्रम*** सञ्चालन गर्ने उद्देश्य लिइएकोछ। यस प्रशिक्षार्थी अवसर कार्यक्रमवाट साझेदार नगरपालिकाका काममा संलग्न भई सिक्ने र नगरपालिकाको आवश्यकता र प्राथमिकताका क्षेत्रमा आवश्यक सहयोग गर्ने अवसर प्राप्त हुने विश्वास कार्यक्रमले लिएको छ।

**प्रशिक्षार्थी आवद्ध हुने स्थानीय तह :** दमक-झापा, भिमेश्वर-दोलखा, वालिङ्ग-स्यांजा, तानसेन-पाल्पा, विरेन्द्रनगर-सुर्खेत र टिकापुर-कैलाली

**आवश्यक प्रशिक्षार्थी संख्या :** प्रत्येक नगरपालिकाका लागि एक एक जना

**प्रशिक्षार्थीको कार्यस्थान :** प्रशिक्षार्थीले न्यूनतम ८० प्रतिशत समय सम्वन्धित नगरपालिकामा रही कार्य गर्नुपर्नेछ। सम्वन्धित नगरपालिकाले (फिल्ड संयोजक तथा नगरपालिकाका सम्पर्क अधिकृतबीचको समन्वयमा नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतसंग परामर्श गरी) प्रशिक्षार्थीलाई वडा, समुदाय तथा टोल तहका कार्यक्रममा खटाउन सक्नेछ। फाउण्डेसनले आवश्यकता अनुसार नगरपालिका क्षेत्र वाहिर सञ्चालन हुने तालिम, अनुशिक्षण तथा सिकाई आदान प्रदान कार्यमा लगाउन सक्नेछ।

**प्रशिक्षार्थीको भूमिका तथा मुख्य जिम्मेबारीहरु :** प्रशिक्षार्थीको मुख्य मुख्य भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछ:

१. नगरपालिका तथा दि एशिया फाउण्डेसनवाट सेवाप्रवेश लगत्तै तथा समय समयमा आयोजना गर्ने स्थानीय शासन र विकास प्रशासन सम्वन्धी ज्ञान तथा सीपमूलक विभिन्न तालिम, अनुशिक्षण तथा सिकाई आदान प्रदान कार्यक्रममा सक्रियतापूर्व भाग लिने,

२. नगरपालिका र फाउण्डेसनवाट सञ्चालित कार्यक्रमका लागि आवश्यक सूचना तथा तथ्यांकको संकलन विश्लेषण गरी प्रतिवेदन गर्ने,

३. नगरपालिका तथा फाण्डेसनवाट समय समयमा तोकिएका कार्यक्रमको संक्षिप्त प्रतिवेदन लेखन गर्ने गर्ने।

४. नगरपालिका र फाउण्डेसनले तोकेका विषयक्षेत्रमा संलग्न भई कार्यक्रम कार्यान्वयनमा सहजीकरण कार्य गर्ने।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**समन्वयमा रही कार्य गर्ने:** प्रशिक्षार्थीले नगरपालिकाले तोकेको सम्पर्क अधिकारी र दि एशिया फाउण्डेसनका फिल्ड संयोजकको प्रत्यक्ष सुपरिवेक्षणमा रही कार्य गर्नुपर्नेछ । प्रशिक्षार्थीले फाउण्डेसनका पदाधिकारी तथा कर्मचारीहरुको सामान्य रेखदेख, समन्वय र सहजीकरणमा रहनुपर्नेछ ।

**प्रशिक्षार्थीलाई प्राप्त हुने सेवा सुविधा:** प्रशिक्षार्थीलाई दि एशिया फाउण्डेसनको नियमानुसार प्रशिक्षण अवधिभरको तोकिएको न्यूनतम सेवा सुविधा उपलब्ध हुनेछ ।

**प्रशिक्षार्थी कायम रहने अवधि:** प्रशिक्षार्थी कायम रहने अवधि नियुक्ती भएको मितिदेखी २०७८ साल फागुन महिनासम्म हुनेछ ।

**प्रशिक्षण अवधि थप हुनसक्ने:** दि एशिया फाउण्डेसनबाट कार्यक्रमको निरन्तरता तथा वित्तीय स्रोतको उपलब्धताका आधारका साथै प्रशिक्षार्थीको कार्यसम्पादनका आधारमा प्रशिक्षार्थीको अवसर तथा सेवा अवधि थप गर्न सकिनेछ । प्रशिक्षण अवधिमा वा सो लगत्तै पछि प्रशिक्षार्थीले आफ्नो रुची अनुसारको पेशागत कार्य गर्न अवसर खोजी गर्न सक्नेछन ।

**शुल्क नलाग्ने:** आवेदन दिँदा कुनै शूल्क लाग्नेछैन ।

**आवेदन दिनका लागि न्यूनतम शैक्षिक योग्यता:** स्नातक उतिर्ण भएको वा स्नातक अन्तिम वर्षको परीक्षा दिई परिक्षा नतिजा प्रकाशित नभएका व्यक्तिले प्रशिक्षार्थीको आवेदन दिन सक्नेछन ।

**आवेदन दिन कार्य अनुभव नचाहिने:** आवेदन दिनका लागि प्रशिक्षार्थी वा कुनै काम गरेको अनुभव चाहिनेछैन ।

**आवेदन दिँदा इमेलसँगै पेश गर्नुपर्ने कागजपत्र:** आवेदकले प्रशिक्षार्थीको लागि आवेदन बुझाउँदा देहायका कागजपत्र संलग्न गरी पेश राख्नुपर्नेछस

१. ***निवेदन:*** प्रशिक्षार्थीको अवसर प्राप्त गर्न किन आफू उपयुक्त छु ? प्रशिक्षार्थी कार्यक्रमबाट के अपेक्षा गरेको छु भन्ने विषय समेत समेटीएको निवेदनपत्र (सम्भव भए आवेदकको बायोडाटा समेत संलग्न राखेको)
२. ***शैक्षिक प्रमाणपत्र:*** स्नातक उतिर्ण भएको शैक्षिक प्रमाणपत्र वा स्नातक तहको परीक्षामा संलग्न भएको खुल्ने प्रमाणपत्र
३. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
४. अपाँगता भएका व्यक्तिको हकमा सोको प्रमाणपत्र,

**छनौट विधि :** आवेदकहरु मध्येबाट प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई अन्तरवार्तामा बोलाइनेछ ।

**कुन नगरपालिकाका लागि आवेदन गरेको हो खुलाई पठाउनु पर्ने:** आवेदन दिँदा कुन नगरपालिकाका लागि आवेदन गरेको स्पष्ट उल्लेख गरी पठाउनु पर्नेछ ।

***आवेदन पठाउने इमेल ठेगाना:*** nepal.fellowship@asiafoundation.org

***आवेदन पठाइसक्नुपर्ने अन्तिम मिति :*** *२०७८ साल जेष्ठ ३१ गतेभित्र*

**नोट: सीमान्तकृत समुदायका व्यक्तिको आवेदन मात्र ग्राह्य हुने:** दि एशिया फाउण्डेसन सामाजिक समावेशीकरण तथा लैङ्गिक समानताप्रति प्रतिवद्ध रहेको छ । यस प्रशिक्षार्थी अवसर कार्यक्रममा साझेदार नगरपालिका र सम्वन्धित जिल्लाभित्रका अपाङ्गता भएका व्यक्ति (महिला तथा पुरुष) र अति विपन्न तथा सीमान्तकृत समुदाय र दलित समुदायका महिलाहरुबाट प्राप्त आवेदन मात्र ग्राह्य हुनेछ ।

दिलाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner